प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/२८

लमजुङ जिल्ला सामुदायिक अस्पतालमा अटोमेटिक फुट अपरेटेड ह्यान्ड वासिङ स्टेशनको स्थापना गरिएको छ । प्रगतिशील इन्जिनियरिङ एसोसिएसन नेपाल (पिन) लमजुङ र नेपाल इन्जिनियर्स एसोसिएसन (एनइए) गण्डकी प्रदेशले अस्पतालको गेटमा फलामबाट निर्माण गरेको खुट्टाद्वारा खुल्ने धारा र त्यसमाथी ट्यांकी जडान गरेर अस्पताल आउनेका लागि हात धुने व्यवस्था मिलाएको हो। गण्डकी प्रदेश सभा सदस्य धनञ्जय दवाडीले शुक्रबार उक्त स्टेशनको उद्घाटन गर्नुभएको हो।

सुन्दरबजार अस्पताल, लमजुङमा स्वास्थ्य निर्देशनालायका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख शम्भु ज्ञवाली लगायतको टोलीले न्युनतम सेवा मापदण्डको मध्यावधिक मूल्यांकन कार्यक्रम सम्पन्न गरेको छ। यसैगरी तनहुँ र लमजुङ जिल्लामा Gandaki Health Information Portal को अभिमुखीकरण कार्यक्रम पनि सम्पन्न भएको छ।

आर्थिक वर्ष २०७७/७८ को स्वास्थ्य तर्फको कार्यक्रम तथा योजना निर्माण गर्नका लागि प्रदेश स्वास्थ्य तालिम केन्द्रमा आज एक बैठक सम्पन्न भएको छ। बैठकमा सामाजिक विकास मन्त्रालयका नीति, योजना, कानुन तथा जनस्वास्थ्य महाशाखाका प्रमुख शम्भु ज्ञवालीज्यू, अस्पताल विकास महाशाखाका प्रमुख डा. राम बहादुर के.सी ज्यू, प्रशान्त शर्माज्यू, स्वास्थ्य तालिम केन्द्र पोखराका प्रकाशराज शर्मा ज्यू, स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बाबुराम आचार्य ज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशक सपना सुवेदी ज्यू र शुभद्रा दुलाल ज्यू. स्वास्थ्य निर्देशनालयबाट लक्ष्मण बसौला, नानीबाबु दानी र राजेन्द्र पौडेल उपस्थित हुनुहुन्थ्यो।

आज थप ५ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको छ । अहिलेसम्म गण्डकी प्रदेशमा ६९५ जनाको नमुना संकलन भएको छ जसमा ६८५ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र ३ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६४८४ जनामा RDT परिक्षण गरिएको छ।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**